नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

## स्थानीय तहहरुबाट हुने लेखापरीक्षक सूचीकरण सम्बन्धमा

## यस संस्थाका पेशागत प्रमाण पत्र प्राप्त सदस्यहरुलाई जारी गरिएको निर्देशन ।

प्रकाशित मितिः २०८१/०६/१३

स्थानीय तहहरुले आ-आफ्नो क्षेत्राधिकार भित्र संचालनमा रहेका सार्वजनिक तथा संस्थागत विद्यालय, सहकारी संस्था लगायत अन्य संघ संस्थाहरुको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकहरुलाई तोकेको प्रक्रिया पुरा गरी सूचीकरण हुन आउन सार्वजनिक सूचनाहरु जारी गर्ने गरेको पाईएको र संस्थाले पेशागत प्रमाण पत्र प्राप्त सदस्यहरुलाई सूचीकृत नहुनको लागि पटक पटक निर्देशन दिंदै आइरहेकोमा स्थानीय तहहरुमा लेखापरीक्षकहरु सूचीकरण हुन मिल्ने नमिल्ने विषयमा थप स्पष्टता आवश्यक भएको भनी गुनासा तथा सुझावहरु समेत प्राप्त भएको हुँदा स्थानीय तहहरुबाट हुने लेखापरीक्षकको सूचीकरण सम्बन्धमा परिषदको मिति २०८१ असोज ०६ मा बसेको ३३५ औं बैठकको निर्णय बमोजिम सम्पूर्ण पेशागत प्रमाण पत्र प्राप्त सदस्यहरुलाई निम्न बमोजिम निर्देशन जारी गरिएको छ । तसर्थ, सम्पूर्ण सदस्यहरुले देहाय बमोजिम गर्नु हुन अनुरोध छ ।

१. सामूदायिक विद्यालयको हकमा सम्बन्धित स्थानीय तहको ऐन नियममा सम्बन्धित विद्यालयको लेखापरीक्षक स्थानीय तहले नियुक्ति गर्न सक्ने व्यवस्था गरेको अवस्थामा सम्बन्धित स्थानीय तहले लेखापरीक्षक नियुक्ति गर्ने प्रयोजनको लागि प्रस्ताव वा आशय पत्र माग गरेको अवस्थामा संस्थाका सदस्यहरुले प्रस्ताव वा आशय पत्र पेश गर्न सक्ने ।

२. संघीय कम्पनी ऐन बमोजिम स्थापित संस्थागत विद्यालय, प्रचलित सहकारी ऐन बमोजिम स्थापित सहकारी संस्था तथा संघीय कानुन बमोजिम स्थापित गुठीलगायतका अन्य स्थापित संघ संस्थाहरुले तत् तत् ऐनमा भएको लेखापरीक्षकको नियुक्ति सम्बन्धी व्यवस्था परिपालना गर्नुपर्ने हुँदा संस्थागत विद्यालय, सहकारी संस्था, गुठी तथा अन्य संघ संस्थाहरु आफैंले लेखापरीक्षक नियुक्ति गर्ने प्रयोजनार्थ माग गर्ने प्रस्ताव वा आशयपत्र बाहेक स्थानीय तह तथा अन्य कुनै पनि निकायहरुले उल्लिखित निकायहरुको लेखापरीक्षक नियुक्ति गर्ने प्रयोजनार्थ शूल्क लिने वा नलिने गरी आह्वान गरेको निवेदन वा आशयपत्रमा संस्थाका सदस्यहरु कुनै पनि किसिमले सहभागी हुन नपाउने ।

३. उल्लिखित निकायहरुको लेखापरीक्षक नियुक्ति गर्ने प्रयोजनार्थ सोही निकाय बाहेक स्थानीय तह तथा अन्य कुनै पनि निकायहरुले शूल्क लिने वा नलिने गरी आह्वान गरेको प्रस्ताव वा आशयपत्रमा संस्थाको निर्देशनलाई अवज्ञा गर्दै संस्थाका सदस्यहरु कुनै पनि किसिमले सहभागी भएमा संस्थाले सम्बन्धित सदस्यहरु उपर संस्थाको निर्देशन उल्लंघन गरेको विषयमा आवश्यक अनुशासनात्मक कारवाहीको प्रक्रिया अघि बढाउने ।

साथै, स्थानीय तहहरुबाट हुने लेखापरीक्षकको सूचीकरण सम्बन्धमा संस्थाबाट यसअघि प्रकाशित सूचनाहरुलाई यसै सूचनाले प्रतिस्थापित गरेको व्यहोरा समेत जानकारी गराईन्छ ।

..............................
**सिए. किरण कुमार खत्री**
**निमित्त कार्यकारी निर्देशक**

**ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774**
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np
Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np